# कार्यक्रम कार्यान्वय निर्देशिका

## आ. व. २०७३/०७४


नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

**राष्ट्रिय युवा परिषद्**

त्रिपुरेश्वर, काठमाडौं

प्रकाशक : नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय युवा परिषद्**
त्रिपुरेश्वर, काठमाडौं ।

मुद्रक :

प्रकाशन : २०७३ माघ

वेबसाइट : www.nyc.gov.np
इमेल : info@nyc.gov.np

# दुई शब्द

राष्ट्रिय युवा परिषद् युवाको हकहितको संरक्षण र सम्वर्द्धन गरी समुन्नत मुलूक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने तथा युवाको क्षेत्रमा पहुँच विस्तार र युवा सशक्तीकरणका लागि राष्ट्रिय युवा परिषद् ऐन, २०७२ बमोजिम २०७२ साल फागुन १९ गते स्थापना भएको संस्था हो ।

यस संस्थाको कार्यदिशा अनुसार चालू आर्थिक वर्ष २०७३/०७४ मा युवा सञ्चार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकास, ग्रामीण युवा उद्यम कार्यक्रम, युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम, युवा सिप तथा नेतृत्व विकासलगायत विभिन्न कार्यक्रमहरू कार्यान्वयनका क्रममा रहेका छन् । ग्रामीण युवा कार्यक्रम अन्तर्गत 'दश युवा एक उद्यम' लगायतका अन्य विभिन्न कार्यक्रमहरू सोही विनियमबमोजिम सञ्चालन हुनेछन् । नेपालमा वर्तमान युवाको अवस्था तथा उनीहरूबाट समृद्ध राष्ट्र निर्माणका लागि पुर्‍याएको योगदान तथा पुग्न सक्ने सम्भावित योगदानहरूका बारेमा आम जनतालाई सुसूचित गर्न युवा सञ्चार कार्यक्रम सञ्चालन गर्ने, युवा सिप तथा नेतृत्व विकास कार्यक्रम मार्फत सिप प्रदान गर्ने, युवा अनुभव आदान–प्रदान कार्यक्रम अन्तर्गत मन्त्रालयले तयार पारेको निर्देशिका आवश्यक परिमार्जन भै परिषदबाट स्वीकृत गरी सोही बमोजिम कार्यक्रम सञ्चालन हुनेछ । युवा दिवस तथा महोत्सव अन्तर्गत युवाहरूमा विश्वबन्धुत्वको भावना जगाई सहयोग, समन्वय र सहकार्यमा अभिवृद्धि गरिनेछ ।

चालू आर्थिक वर्षमा युवाहरूमा रहेको सिप प्रवर्द्धन तथा प्रचार प्रसार गर्ने उद्देश्यले युवा सिप दिवस कार्यक्रम सञ्चालन हुनेछ भने युवा परामर्श सेवा प्रदान गरी युवालाई सही दिशा लिन सहयोग पुर्‍याउने छ । यस निर्देशिकाले युवाका राष्ट्रिय मुद्दा तथा साझा सरोकारका विषयका बारेमा पत्रकार जगत लगायत सरोकारवालाहरूलाई जानकारी गराउने र समग्र युवा विकासको क्षेत्रमा काम गर्ने निकायहरूलाई मार्गदर्शन गर्ने उद्देश्यले निर्माण भएको कानुनी र दीर्घकालीन एक रणनीतिका सम्बन्धमा सम्बद्ध पक्षलाई सुसूचित गराई कार्यान्वयनमा सहजता पुर्‍याउने विश्वास लिइएको छ ।

केन्द्रदेखि प्रदेश हुँदै जिल्ला युवा समितिसम्म वर्षभरी कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयनको अवधारण स्पष्ट पार्न, कार्यान्वयन प्रक्रियालाई एकरूपता दिई परिचित समेत गराउन, खर्च गर्ने आधार पहिल्याउन एकै प्रकारका कामहरूलाई देशभर समान एवं प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउन मद्दत पुगोस् भन्ने अभिप्रायले प्रस्तुत कार्यक्रम कार्यान्वयन निर्देशिका तयार पारिएको छ । यस निर्देशिकाबाट वित्तीय अनुशासन कायम राख्न, परिषद् केन्द्रीय कार्यालय अन्तर्गत अधिकार प्राप्त सम्बन्धित शाखाहरूद्वारा भएगरेका सम्पूर्ण कार्यहरूको प्रमुख जिम्मेवार नियकाय राष्ट्रिय युवा परिषद् कार्यकारी समिति हुनेगरी पारदर्शी रूपबाट कार्यक्रम सरोकारवालाहरूबीच पुर्‍याई कार्यान्वयन गर्न मद्दत पुग्नेछ भन्ने अपेक्षा लिइएको छ । अन्त्यमा यस निर्देशिकाका विषयमा प्राप्त हुने सुझावहरूले राष्ट्रिय युवा परिषद्लाई आगामी दिनका लागि थप पृष्ठपोषण प्रदान गर्ने हुनाले सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा राख्दै निर्देशिका तयार गर्ने कार्यमा सहयोग पुर्‍याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०७३ माघ

माधवप्रसाद ढुङ्गेल
कार्यकारी उपाध्यक्ष
राष्ट्रिय युवा परिषद्

# विषयसूची


| | | |
|---|---|---|
| क. | कार्यक्रम परिचय | १ |
| ख. | कार्यक्रम कार्यान्वयन सम्बन्धमा | १ |
| १. | युवा सञ्चार कार्यक्रम (टेलिभिजन कार्यक्रम) | २ |
| २. | युवा सिप तथा नेतृत्व विकास कार्यक्रम | ३ |
| ३. | ग्रामीण युवा उद्यम कार्यक्रम | ४ |
| ४. | युवालक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम (PPP) | ५ |
| ५. | युवा अनुभव आदानप्रदान कार्यक्रम (आन्तरिक) | ५ |
| ६. | युवा दिवस तथा महोत्सव | ६ |
| ७. | युवा सिप दिवस | ७ |
| ८. | केन्द्रीय युवा सूचना केन्द्र सञ्चालन | ८ |
| ९. | युवा परामर्श सेवा | ८ |
| १०. | युवा परिषद् र अन्तर्गतका कर्मचारीहरूलाई अभिमुखीकरण तालिम | ९ |
| ११. | युवाका मुद्दा तथा कार्यक्रमको बारेमा पत्रकारसँग अन्तर्क्रिया तथा युवा नीति र युथ भिजनको प्रचार प्रसार | १० |
| १२. | समाजका लागि युवाको एक दिन | ११ |
| १३. | अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण | १३ |
| १४. | जिल्लास्तरका युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरूको कार्यलाई प्रोत्साहन | १४ |
| १५. | भविष्यमा गरिने युवा सम्बन्धी कार्यक्रमका बारेमा विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया | १५ |
| १६. | युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोषको स्थापना | १५ |
| १७. | युवा प्रतिभा पहिचान (Youth Talent Hunt) | १६ |
| १८. | कार्यक्रम अनुगमन तथा निरीक्षण | १६ |
| १९. | युवासँग सम्बन्धित वैदेशिक गोष्ठी सम्मेलनमा सहभागिता (वैदेशिक भ्रमण) | १७ |


राष्ट्रिय युवा परिषद्-नेपाल २०७२

## क.  कार्यक्रम परिचय

युवा नीति – २०७२, युथ भिजन – २०२५ र दशवर्षे रणनीतिक योजनाले निर्धारण गरेका दीर्घकालीन लक्ष्य, उद्देश्य तथा कार्यनीतिहरू कार्यान्वयन गर्नका लागि राष्ट्रिय युवा परिषद् ऐन २०७२ ले परिलक्षित गरेको उद्देश्य 'युवाको हक हितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने' अनुसार २०७३ फागुनमा गठन भएको राष्ट्रिय युवा परिषद्को आ.व.२०७३/०७४ को लागि केही सिमित कार्यक्रमहरू र बजेटको ब्यवस्था गरिएको छ । आगामी वर्षका कार्यक्रमहरू निर्माण गर्दा युवासँग सरोकार राख्ने पक्ष तथा विज्ञहरूसँग छलफल र अन्तर्क्रिया गरी उल्लेखित दस्तावेजहरूका लक्ष्यहरूलाई कार्यान्वयन गर्न क्रियाकलापहरू पहिचान गर्दै आगामी कार्यक्रमहरूमा प्राथमिकताका साथ समावेश गर्नेगरी कार्यक्रम तर्जुमा गरिने छ ।

**यस कार्यक्रम कार्यान्वयन निर्देशिका २०७३/०७४ को मूलभूत उद्देश्यहरू देहायबमोजिम रहेका छन् :**

१. निर्दिष्ट कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी केन्द्र र ७५ ओटै जिल्लामा एकरूपता कायम गराउन सहजीकरण गर्ने ।

२. राष्ट्रिय युवा परिषद् र जिल्ला युवा समितिका कार्यक्रमहरूबारे सरोकारवालालाई सूचित गर्ने ।

३. कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन गर्ने विभिन्न निकायको भूमिका स्पष्ट गरी सम्बन्धित निकायलाई जिम्मेवार र जवाफदेही तुल्याउने ।

४. कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन प्रक्रियाका सम्बन्धमा सम्बद्ध सबै कार्यान्वयनकर्ता र सरोकारवालालाई स्पष्ट दिशा निर्देश गराउने ।

५. सबै कार्यक्रमहरूको कार्यान्वयनको अवस्थासम्बन्धी अनुगमनलाई नतिजामा आधारित बनाउँदै प्रभावकारीरूपमा सञ्चालन गरी लक्षित उपलब्धिहरू समयमै प्राप्त गराउने ।

## ख.  कार्यक्रम कार्यान्वयन सम्बन्धमा

१. वार्षिक कार्यक्रमका बारेमा परिषद्का सदस्य, परिषद्का कर्मचारी, जिल्ला युवा समितिका अध्यक्ष तथा कार्यालय प्रमुखलाई परिषद्ले र जिल्ला युवा समितिका सदस्य र कर्मचारीहरूलाई जिल्ला युवा समितिले अभिमुखीकरण गर्नुपर्ने छ ।

२. वार्षिक कार्यक्रम विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाई जिल्लामा कार्यरत पत्रकारहरूका प्रतिनिधिमूलक सङ्घसंस्थाहरू, जिल्ला विकास समिति, I/NGOs/CBOs लगायतका संस्थाका प्रतिनिधिहरूसमेतको सहभागितामा वार्षिक कार्यक्रमको जानकारी दिनुपर्ने छ।

३. विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू र परिषदबीच समझदारी (MOU) भए अनुसार यस आ.व.मा तय भएका तथा युवासँग सम्बन्धित अन्य कार्यक्रमहरू सञ्चालनमा समझदारीभित्र रहेर प्रचलित नियमानुसार सहकार्य गर्न सकिने छ । साथै जिल्लास्तरमा क्रियाशील I/NGOs/CBOs सँगको समन्वय तथा साझेदारीमा कार्यक्रमको प्रकृति अनुसार कार्यक्रम कार्यान्वयनका लागि योजना तयार पारी कार्यान्वयन गर्नुपर्ने छ ।

४. यस निर्देशिकामा लेखिएका कुराहरू स्पष्ट नभएमा परिषद् र कार्यकारी समितिले निर्धारण गरेबमोजिम कार्यक्रम तथा वैदेशिक समन्वय शाखामा सम्पर्क राखी स्पष्ट भएर मात्र कार्यान्वयन गर्नुपर्ने छ ।

५. यस कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख भएका अन्य निर्देशिका बमोजिम गर्न भनी किटानीसाथ तोकिएका कार्यक्रमहरूमा उक्त प्रयोजनका लागि स्वीकृत निर्देशिका बमोजिम नै कार्यान्वयन गर्नु पर्ने छ ।

६. एउटा शीर्षकमा विनियोजन भएको रकम अर्को शीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र रहेर स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रक्रियाहरू पूरा गरेर मात्र खर्च लेख्ने व्यवस्था मिलाउनु पर्ने छ।

७. जिल्लास्तरका कार्यक्रममा आधारित भएर आफ्नो अनुगमन योजना समेत तयार पारी योजना अनुसार अनुगमन गरी प्रतिवेदन तयार पारी परिषदमा पठाउने मिलाउनु पर्ने छ ।

८. जिल्ला युवा समितिको कार्यालयले चौमासिकरूपमा निर्धारित ढाँचामा राष्ट्रिय युवा परिषदमा प्रगति विवरण पठाउने व्यवस्था मिलाउनु पर्ने छ ।

NYC
राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२

## राष्ट्रिय युवा परिषद् र जिल्ला युवा समितिका कार्यक्रमहरू :

### १. युवा सञ्चार कार्यक्रम (टेलिभिजन कार्यक्रम)

**उद्देश्यहरू :**

१. नेपालमा युवाको वर्तमान अवस्था तथा उनीहरूबाट समृद्ध राष्ट्र निर्माणका लागि पुगेको योगदान तथा पुग्नसक्ने संभावित योगदानहरूका बारेमा आम जनतालाई सुसूचित गर्नु ।

२. युवा विकासका क्षेत्रमा रचनात्मक र अनुकरणीय कार्य गर्ने युवाका बारेमा प्रचार प्रसार गरी युवामा सकारात्मक सोचको विकास गरी स्वदेशमा नै स्वरोजगार, आयआर्जन तथा उद्यमशीलताको माध्यमबाट आत्मनिर्भर बन्न सकिन्छ भन्ने भावनाको विकास गरी युवालाई स्वावलम्बी बन्न उत्प्रेरित गर्नु ।

३. युवा विकास र उद्यमशीलताका विषयहरूलाई सञ्चार माध्यमबाट उजागर गर्दै राष्ट्र निर्माणमा युवाले दिन सक्ने योगदानका विभिन्न क्षेत्रहरूको पहिचान गरी युवा परिचालनका लागि सञ्चार क्षेत्रलाई पनि जिम्मेवार बनाउनु ।

४. युवा सशक्तीकरण र परिचालनको क्षेत्रमा कार्यरत विभिन्न व्यक्तित्व, विषयविज्ञ, जिम्मेवार पदाधिकारीहरू तथा संस्थाहरू बीच टेलिभिजनको माध्यमबाट ब्यापक अन्तर्क्रिया गरी युवा स्वाबलम्बनका विविध विकल्पहरूका बारेमा सुसूचित गराई युवामा सिप र आत्मविश्वास अभिवृद्धि गराउनु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.७ युवा सञ्चार कार्यक्रम (टेलिभिजन) - १ केन्द्र** | | | |
| १. कार्यक्रमको मोडालिटी, समय, इपिसोड तथा मापदण्ड तय गर्ने ।<br>२. नेपाल टेलिभिजनबाट प्रस्ताव आह्वान गर्ने र द्विपक्षीय सम्झौता गर्ने ।<br>३. सम्झौता अनुसार नेपाल टेलिभिजनबाट कार्यक्रम प्रशारण गर्ने ।<br>४. पृष्ठपोषण प्रदान गर्ने ।<br>५. यसको सर्वाधिकार राष्ट्रिय युवा परिषदमा रहने । | • सूचना प्रविधि शाखा | पहिलो, दोस्रो र तेस्रो चौमासिक | • टेलिभिजन प्रशारक संस्थाहरूसँगको सम्झौता<br>• टेलिभिजन कार्यक्रमका इपिसोडहरू |

## २. युवा सिप तथा नेतृत्व विकास कार्यक्रम

**उद्देश्यहरू :**

१. युवालाई मागमा आधारित आधुनिक सिप र प्रविधि सम्बन्धी तालिम प्रदान गर्ने ।

२. युवामा एक्काइसौं शताब्दीका चुनौतीहरूलाई सामना गर्दै युवामैत्री अवसरहरूको सदुपयोग गर्न सक्षम बनाउने ।

३. युवालाई विषयवस्तु, सिप र व्यवहारबाट सुसज्जित गरी नेतृत्व विकास र युवा परिचालनका लागि उपयुक्त वातावरण तयार गर्ने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.४५ युवा सिप तथा नेतृत्व विकास कार्यक्रम - ५०० जना** | | | |
| १. युवा सिप तथा नेतृत्व विकास कार्यक्रम निर्देशिका तयार गर्ने ।<br>२. जिल्लास्तरबाट युवाका माग सङ्कलन गर्ने ।<br>३. युवा उद्यम कार्यक्रम लगायतका उद्यम प्रवर्द्धन गर्ने स्वरोजगार बनाउन सक्ने कार्यक्रमलाई सहयोग पुग्ने गरी तालिम प्रदान गर्ने ।<br>४. तालिम प्रदायक संस्थाहरूबीच समन्वय गरी युवा सिप तथा नेतृत्व विकास सम्बन्धी तालिमको प्याकेज, पाठ्यक्रम तथा प्रक्रिया निर्धारण गर्ने र | • युवा तालिम तथा अनुसन्धान शाखा<br>• जिल्ला युवा समिति | पहिलो, दोस्रो र तेस्रो चौमासिक | • निर्देशिका<br>• तालिम प्याकेज/ पाठ्यक्रम<br>• प्रशिक्षकको रोष्टर (सूची)<br>• तालिम प्रदायक संस्थाको |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| आवश्यकता अनुसार द्वीपक्षीय समझदारी (MOU) गर्ने ।<br>५. तालिम सञ्चालनका लागि रोष्टर प्रशिक्षक तयार गर्ने ।<br>६. तालिमका विषय वस्तुहरू मागमा आधारित आधुनिक सिप र प्रविधिलाई लक्षित गरी निर्माण गर्ने ।<br>७. विभिन्न प्रदेश तथा क्लस्टरहरूमा रोष्टर प्रशिक्षकहरूबाट माग (आवश्यकता) मा आधारित तालिम सञ्चालन गर्ने ।<br>८. तालिम सम्पन्न पश्चात प्रशिक्षार्थीहरूको सिप परीक्षण गरी प्रमाणपत्र उपलब्ध गराउने ।<br>९. तालिमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयारी गर्ने । | | | विवरण<br>• सिप परीक्षकबाट उत्तीर्ण तालिम प्राप्त युवाको सङ्ख्या |

## ३. ग्रामीण युवा उद्यम कार्यक्रम

**उद्देश्यहरू :**

१. प्रत्येक निर्वाचन क्षेत्रमा सञ्चालन हुन सक्ने उद्यमहरू पहिचान गर्नु ।

२. युवालाई स्थानीय व्यवसाय तथा उद्यमतर्फ आकर्षित गरी स्वरोजगार गराउनु ।

३. देशलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउनु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.४६१ ग्रामीण युवा उद्यम कार्यक्रम - २४० क्षेत्र** | | | |
| युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । | • युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा<br>• जिल्ला युवा समिति | दोस्रो र तेस्रो चौमासिक | • निर्देशिका<br>• छनौट भएको प्रस्ताव<br>• अनुगमन संयन्त्र र प्रतिवेदन<br>• समष्टिगत प्रतिवेदन |

## ४. युवालक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम (PPP)

**उद्देश्यहरू :**

१. औद्योगीकरण मार्फत दिगो रूपमा विकास हासिल गर्नका लागि सार्वजनिक संरचना तथा पूर्वाधार सेवाहरूको निर्माण र संचालनमा राज्यकोषबाट विनियोजन हुने स्रोत साधन परिचालनका लागि सार्वजनिक–निजि साझेदारीको मान्यताका आधारमा सञ्चालन हुन सक्ने क्षेत्रहरू पहिचान गर्नु ।

२. निजि क्षेत्रमा उपलब्ध हुने स्रोत, साधन, सिप र प्रविधिलाई मुलुकको विकास कार्यमा आकर्षित गरी सार्वजनिक उपयोगका सम्पत्ति र सेवाको सञ्चालन सहभागितात्मक आधारमा कम खर्चिलो, प्रभावकारी र विश्वासनीय संयन्त्रबाट परिचालन गर्नु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.४८ युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम (PPP) - ७ क्षेत्र** | | | |
| छुट्टै निर्देशिका तयार पारी परिषद्ले स्वीकृत गरेपछि सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने । | • युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा | तेस्रो चौमासिक | • निर्देशिका<br>• कार्यक्रम सञ्चालनका लागि प्रस्ताव<br>• मूल्याङ्कन भएको प्रस्ताव<br>• अनुगमन प्रतिवेदन |

राष्ट्रिय युवा परिषद् नेपाल २०७२

## ५. युवा अनुभव आदानप्रदान कार्यक्रम (आन्तरिक)

**उद्देश्यहरू :**

१. एकअर्काको कार्य अवलोकन गरेर व्यावसायिक तथा व्यवस्थापन सिप सिक्नु ।

२. युवाका अनुभवहरूमा बढोत्तरी गर्नु ।

३. उद्यमी युवालाई उत्प्रेरित गर्नु ।

४. युवाका विविध क्षेत्रमा युवालाई परिचालन गर्नु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.४९ युवा अनुभव आदानप्रदान कार्यक्रम (आन्तरिक) - १४० जना** | | | |
| यस कार्यक्रम सम्बन्धी मन्त्रालयले तयार पारेको निर्देशिका आवश्यक परिमार्जन भै परिषदबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यक्रम सञ्चालन हुने । | • योजना तथा वैदेशिक समन्वय शाखा | दोस्रो र तेस्रो चौमासिक | • सहभागी सङ्ख्या<br>• कार्यसम्पन्न प्रतिवेदन |

## ६. युवा दिवस तथा महोत्सव

**उद्देश्यहरू :**

१. युवामा भाइचाराको भावना जगाउने ।

२. युवाका प्रमुख मुद्दाहरूमा अनुभव आदानप्रदान गर्ने ।

३. युवामा सहयोग, समन्वय र सहकार्यमा अभिवृद्धि गर्ने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.५० युवा दिवस तथा महोत्सव - ७७ केन्द्र, जिल्ला** | | | |
| **२.१५.४०.५०.१ केन्द्र** | | | |
| १. राष्ट्रिय युवा परिषदले सालबसाली रूपमा अन्तराष्ट्रिय युवा दिवसलाई महोत्सवका रूपमा मनाउने छ ।<br>२. राजनैतिक दल सम्बद्ध युवा संस्थाहरू, विद्यार्थी सङ्गठनहरू, युवाको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू, विदेशी पाहुनहरू, गैरआवासीय नेपाली सङ्घ (NRNA) का प्रतिनिधिहरू लगायत आम युवाको व्यापक सहभागितामा महोत्सवको कार्यक्रम गरिने छ ।<br>३. युवाका सिप, क्षमता, उद्यम, सिर्जनाहरू तथा प्रविधिहरूको प्रदर्शनलाई युवा महोत्सवको अङ्ग बनाउने ।<br>४. तयारी (समन्वय बैठक, कार्यक्रमको खाका तयारी, निमन्त्रणा, पत्राचार)।<br>५. यो शीर्षकमा विनियोजन भएको रकम दिवस तथा महोत्सव आयोजना गर्ने कार्यमा खर्च गर्ने । | • सङ्घ संस्था समन्वय शाखा | पहिलो चौमासिक | • कार्यक्रम सङ्ख्या<br>• सहभागी सङ्ख्या<br>• कार्यक्रमको प्रतिवेदन |
| **२.१५.४०.५०.२ जिल्ला** | | | |
| १. जिल्ला युवा समितिले जिल्लाका युवालाई समेटी प्रत्येक वर्ष अन्तराष्ट्रिय युवा दिवसलाई महोत्सवका रूपमा मनाउने छ ।<br>२. राजनैतिक दल सम्बद्ध युवा संस्थाहरू, विद्यार्थी सङ्गठनहरू, युवाको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूका प्रतिनिधिहरू लगायत आम युवाको व्यापक सहभागितामा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने ।<br>३. युवाका सिप, क्षमता, उद्यम, सिर्जनाहरू तथा | • जिल्ला युवा समितिहरू | पहिलो चौमासिक | • सहभागी सङ्ख्या<br>• कार्यक्रमको प्रतिवेदन |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| प्रविधिहरूको प्रदर्शनलाई अन्तर्राष्ट्रिय युवा दिवसको अङ्ग बनाउने ।<br>४. समन्वय बैठक, कार्यक्रमको खाका तयारी, निमन्त्रण, पत्राचार ।<br>५. यो शीर्षकमा विनियोजित रकम युवा दिवस आयोजना गर्ने क्रममा भएका विभिन्न क्रियाकलाप (खाजा, ब्यानर, प्लेकार्ड, हलभाडा, आदिमा) खर्च गर्ने । | | | |

## ७. युवा सिप दिवस

**उद्देश्यहरू :**

१. युवामा रहेको सिप प्रवर्द्धन तथा प्रचार प्रसार गर्नु ।

२. सिपमूलक व्यवसायको लागि युवालाई उत्प्रेरित गर्नु ।

३. स्वरोजगार तथा उद्यमशीलता मार्फत गरिबी निवारणमा सहयोग पुर्याउनु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.५०.३ युवा सिप दिवस (केन्द्र) - १ पटक** | | | |
| १. जिल्ला युवा समितिहरूलाई जिल्लास्तरमा युवाद्वारा आफ्नै सिप र क्षमतामा सञ्चालित सहकारी, युवा क्लव, सङ्घ संस्था वा व्यक्तिगत रूपमा युवाद्वारा निर्मित सामग्री, प्रविधिक छनौट गरी सूची तयार गर्न निर्देशन दिने ।<br>२. छनौट भएकामध्ये उत्कृष्ट एउटा युवा सिपसँग सम्बधित संस्था वा प्रविधिको सम्बन्धी विवरण केन्द्रमा पठाउन लगाउने ।<br>३. राष्ट्रिय स्तरमा युवा सिप दिवसको अवसरमा आफ्नो सिप, सामग्री वा प्रविधि प्रदर्शन गर्न चाहने युवा सम्बन्धी संस्था वा व्यक्तिहरूलाई विस्तृत विवरण सहित राष्ट्रिय युवा परिषदमा आवेदन दिन सूचना प्रकाशन गर्ने ।<br>४. प्राप्त आवेदन तथा जिल्ला युवा समितिले छनौट गरी पठाएकामध्ये उपयुक्त ठहरिएका विभिन्न क्षेत्रमा सिप, सामग्री वा प्रविधिको प्राथमिकताक्रम निर्धारण गर्ने ।<br>५. युवा सिप दिवसको दिन प्रदर्शनी तथा समारोहको | • सङ्घ संस्था समन्वय शाखा | दोस्रो चौमासिक | • छनौट भएका संस्था र क्षेत्र,<br>• सहभागी सङ्ख्या र क्षेत्र<br>• प्राथमिकता सूचि<br>• प्रदर्शित सिप, प्रविधि, स्टल सङ्ख्या<br>• प्रतिवेदन |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| आयोजना गर्ने र उक्त अवसरमा बुँदा नं. २ र ४ बमोजिम छनौट भएका सिप, सामग्री वा प्रविधिलाई प्रदर्शनीमा राख्ने ।<br>६. छनौटको लागि परिषद्ले एक उपसमिति कार्यकारी समितिले बनाउने छ ।<br>७. सहभागीहरूलाई प्रमाण-पत्र उपलब्ध गराउने तथा कार्यकारी समितिबाट गठित समितिबाट उत्कृष्ठ ठहरिएका सहभागीलाई पुरस्कार प्रदान गर्ने । | | | |

## ८. केन्द्रीय युवा सूचना केन्द्र सञ्चालन

**उद्देश्यहरू :**

१. युवा लक्षित सूचनाहरूलाई व्यवस्थित रूपमा राख्ने ।

२. युवालाई अध्ययनशील बनाउन र आवश्यकीय सूचना एवं जानकारीहरू प्रदान गर्नका लागि व्यवस्थित र स्रोतपूर्ण पुस्तकालय स्थापना गरी सोको प्रभावकारी सञ्चालन गर्ने । पुस्तकालय तथा वाचनालयलाई युवामैत्री बनाउने ।

३. राष्ट्रिय युवा परिषदमा रहने पुस्तकालयलाई युवासम्बन्धी सबै सूचनाको केन्द्रीय निकायको रूपमा विकास गर्ने ।

४. प्रत्येक जिल्लामा रहेका युवा सूचना केन्द्रहरू (हाल जिल्ला युवा समितिको कार्यालयमा समायोजन (merge) भएका) लाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन तथा व्यवस्थापन गरी यसमा सबै युवाको आकर्षण अभिवृद्धि गर्ने गराउने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.५१ केन्द्रीय युवा सूचना केन्द्र सञ्चालन - १ केन्द्र** | | | |
| १. केन्द्रीय तथा जिल्ला युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका बमोजिम सञ्चाल गर्ने ।<br>२. यस पूर्व युवा तथा खेलकुद मन्त्रालयबाट निर्माण भएको युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थान निर्देशिका २०७० लाई आवश्यक परिमार्जन गरी लागू गर्ने । | • सूचना प्रविधि शाखा | पहिलो देखि तेस्रो चौमासिक | • युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी परिमार्जित निर्देशिका |

## ९. युवा परामर्श सेवा

**उद्देश्यहरू :**

१. युवालाई सकारात्मक परामर्शको माध्यमबाट भविष्यको निश्चित दिशा लिन सहयोग पुऱ्याउने ।

२. युवालाई स्वरोजगार र उद्यमशीलतातर्फ उत्प्रेरित गर्ने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.५३ युवा परामर्श सेवा - १५०० जना** | | | |
| १. कार्यक्रम सञ्चालनको कोटा, स्थान, विषयक्षेत्र र सहभागीको छनौट कार्यकारी समितिबाट गर्ने ।<br>२. विषयगत रोस्टर प्रशिक्षकको सूची तयार पार्ने ।<br>३. छनौट भएका स्थान र विषयमा सम्बन्धित विज्ञहरूबाट सहजीकरणको प्रबन्ध गर्ने । | • सङ्घ संस्था समन्वय शाखा<br>• जिल्ला युवा समितिको कार्यालय | पहिलो, दोस्रो र तेस्रो चौमासिक | • परामर्श सेवाका लागि छनौट भएका विषय विज्ञ<br>• कार्यक्रममा सहभागी सङ्ख्या, हाजिरी माइन्यूट<br>• प्रतिवेदन, परामर्श सेवा लिने युवाको Follow up फाराम । |

## १०. युवा परिषद् र अन्तर्गतका कर्मचारीहरूलाई अभिमुखीकरण तालिम

**उद्देश्यहरू :**

१. राष्ट्रिय युवा परिषद् र अन्तर्गतका निकायमा कार्यरत सम्पूर्ण कर्मचारी तथा पदाधिकारीहरूलाई राष्ट्रिय युवा परिषद् ऐन २०७२, नियमावली २०७३, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५ तथा दसवर्षे रणनीतिक योजना, निर्देशिका र विभिन्न कार्यविधिहरूका बारेमा जानकारी गराउने ।

२. राष्ट्रिय युवा परिषद् र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरूलाई चालू आ.व.को कार्यक्रमहरू तथा सोको कार्यान्वयन प्रक्रियाका बारेमा जानकारी गराउने ।

३. जिल्ला युवा समितिका पदाधिकारीहरू तथा कर्मचारीहरूलाई कार्यालय सञ्चालन प्रक्रिया, अभिलेख तथा जनशक्ति व्यवस्थापन र कार्यक्रम कार्यान्वयनका सन्दर्भमा सरोकारवालाहरूसँगको समन्वय र सहकार्यका विविध विषयहरूमा जानकारी गराई उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.५५ युवा परिषद् अन्तर्गतका कर्मचारीलाई अभिमुखीकरण तालिम - ७ क्षेत्र** | | | |
| १. आवश्यकता पहिचान गरी विषयवस्तु, स्थान र योजना निर्माण गर्ने ।<br>२. केन्द्रियस्तरमा राष्ट्रिय युवा परिषद्का सदस्यहरू, राष्ट्रिय युवा परिषद्का कर्मचारीहरू, क्षेत्रीयस्तरमा जिल्ला युवा समितिका अध्यक्ष र जिल्ला युवा | • युवा तालिम तथा अनुसन्धान शाखा | पहिलो चौमासिक | • निर्मित तालिम प्याकेज<br>• तालिमका सहभागीहरू |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| समितिको कार्यालयका प्रमुखहरू सहभागी गराई कार्यक्रम अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. त्यैगरी स्थानीय स्तरमा जिल्ला युवा समितिले जिल्ला युवा समितिका सदस्य, जिल्ला युवा समितिको कार्यालयका कर्मचारी, सरोकार राख्ने स्थानीय कार्यालयका प्रतिनिधि, पत्रकार तथा सञ्चार माध्यमका प्रतिनिधिहरू, सामाजिक सङ्घसंस्था, गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू समावेश गरी राष्ट्रिय युवा परिषद् र जिल्ला युवा समितिको कार्यक्रमहरूका बारेमा जानकारी गराउने ।<br>४. कार्यक्रमको प्रतिवेदन तयार पारी परिषदमा पेश गर्ने । | | | • तालिम प्रतिवेदन |

## ११. युवाका मुद्दा तथा कार्यक्रमको बारेमा पत्रकारसँग अन्तर्क्रिया तथा युवा नीति र युथ भिजनको प्रचार प्रसार

**उद्देश्यहरू :**

१. युवाका राष्ट्रिय मुद्दाहरू तथा साझा सरोकारका विषयका बारेमा पत्रकार तथा सरोकारवालाहरूलाई जानकारी गराउने र पृष्ठपोषण समेत प्राप्त गर्ने ।

२. राष्ट्रिय युवा परिषद् तथा समग्र युवा विकासका क्षेत्रमा काम गर्ने निकायहरूलाई मार्गदर्शन गर्ने उद्देश्यले निर्माण भएको कानूनी र दीर्घकालीन योजना एवं रणनीतिका सम्बन्धमा सम्बद्ध पक्षलाई सुसूचित गराई कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउने । यस अन्तर्गत विषेशतः राष्ट्रिय युवा परिषद् ऐन २०७२, नियमावली २०७३, राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजन २०२५ तथा दसवर्षे रणनीतिक योजनामा उल्लेखित विषयहरूलाई व्यापक रूपमा प्रचार प्रसार गर्ने ।

३. राष्ट्रिय युवा परिषद् मार्फत सञ्चालन हुने सबै कार्यक्रमहरूमा आम युवाको अपनत्व अभिवृद्धि गरी युवा सहभागिता र परिचालनलाई सहज बनाउने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.६० युवाका मुद्दा तथा कार्यक्रमका बारेमा पत्रकारसँग अन्तर्क्रिया तथा युवा नीति र युथभिजनको प्रचार प्रसार - ५ केन्द्र, जिल्ला** | | | |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| १. आवश्यकता पहिचान र अन्तर्क्रियाको मोडालिटी तयार गर्ने ।<br>२. अन्तर्क्रियाको विषयवस्तु तयारी गर्ने ।<br>३. राष्ट्रिय स्तरका सबै मिडियाहरूलाई सहभागी गराई केन्द्रीय स्तरमा काठमाडौं उपत्यकामा एक दिवसीय अन्तर्क्रिया सञ्चालन गर्ने ।<br>४. परिषदबाट प्रदेश स्तरमा क्रियाशील सञ्चारकर्मीहरूका लागि एक दिवसीय अन्तर्क्रिया सञ्चालन गर्ने ।<br>५. राष्ट्रिय युवा परिषद् तथा विभिन्न कार्यक्रम सञ्चालन सम्बन्धी मुख्य दस्तावेजहरू युवा परिषद ऐन, नियमावली, नीति तथा युथ भिजनका मुख्य मुख्य विषयवस्तुहरू समेटेर ब्रोसियर प्रकाशन गरी सबै जिल्लाहरूमा वितरण गर्ने । | • सूचना प्रविधि शाखा | पहिलो र दोस्रो चौमासिक | • निर्मित प्रेस नोट<br>• अन्तर्क्रिया कार्यक्रमका सहभागीहरू<br>• प्रकाशित ब्रोसियर |

## १२. समाजका लागि युवाको एक दिन

**उद्देश्यहरू :**

१. युवामा सामाजिक उत्तरदायित्वको विकास गराउने ।
२. युवामा स्वयंसेवकीय भावनाको अभिवृद्धि गर्ने ।
३. सामाजिक कार्यमा युवा सहभागिता बढाउने ।
४. सामाजिक कार्यमा युवालाई जागरुक बनाई उत्प्रेरित गर्ने ।
५. समाज र युवाबीचको सम्बन्धलाई सुदृढ बनाउने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.६१ समाजका लागि युवाको एक दिन** - ५० केन्द्र, जिल्ला | | | |
| **केन्द्रस्तर** | | | |
| १. परिषदका सदस्यहरू, परिषद्का कर्मचारीहरू तथा अन्य युवा र सङ्घ-संस्थाका प्रतिनिधिहरू सहितको टोली गठन गर्ने ।<br>२. आवश्यकता अनुसार विशेषज्ञ टोली समेत गठन गर्ने ।<br>३. उक्त टोलीले कम्तिमा एक दिन जिल्लासँग दोहोरो नपर्ने गरी कुनै निश्चित स्थानमा तपसिलका क्षेत्र मध्ये बढी महत्व र आवश्यक ठानिए कार्यकारी | • सङ्घ संस्था समन्वय शाखा, राष्ट्रिय युवा परिषद् | तेस्रो चौमासिक | • गठित टोली<br>• कार्यक्रम सङ्ख्या<br>• लाभान्वित सङ्ख्या ।<br>• प्रतिवेदन<br>• स्वयम सेवामा सम्लग्न |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
| --- | --- | --- | --- |
| समितिले निर्णय गरेको क्षेत्रमा स्वयमसेवकीय सेवा प्रदान गर्ने ।<br>४. कार्यक्रम गर्न सकिने क्षेत्रहरू<br>क. अभिलेख व्यवस्थापनका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी<br>ख. स्वास्थ्य, सरसफाइ र वातावरण सम्बन्धी कार्यहरू<br>ग. ट्राफिक सम्बन्धी कार्यहरू<br>घ. सार्वजनिक महत्वका स्थानहरूको मर्मत/संभार सम्बन्धी कार्यहरू<br>ङ. स्वास्थ्य शिविर सञ्चालन<br>च. अपाङ्ग तथा ज्येष्ठनागरिकहरूलाई सहयोग<br>छ. प्राकृतिक प्रकोप उद्धार सम्बन्धी कार्य<br>ज. भूकम्प प्रभावित जिल्लाहरूमा युवा स्वयंसेवा परिचालन<br>झ. अन्य स्वयमसेवी कार्यहरू<br>ञ. उल्लेखित कार्यसम्बन्धी जनचेतनामूलक कार्यहरू । | | | युवाको सङ्ख्या |
| **जिल्लास्तर** | | | |
| १. जिल्ला युवा समितिका सदस्यहरू, कर्मचारीहरू तथा अन्य युवा र सङ्घ-संस्थाका प्रतिनिधिहरू सहितको टोली गठन गर्ने ।<br>२. अवश्यकतानुसार विशेषज्ञ टोली समेत गठन गर्ने ।<br>३. उक्त टोलीले दोहोरो नपर्ने गरी कम्तिमा एकदिन तपसिलका क्षेत्रहरूमध्ये कुनै स्थानमा तथा बढी महत्व र आवश्यक ठानिएको अवस्थामा कार्यकारी समितिले निर्णय गरेको क्षेत्रमा स्वयंसेवकीय सेवा प्रदान गर्ने ।<br>४. कार्यक्रम गर्न सकिने क्षेत्रहरू<br>क. अभिलेख व्यवस्थापनका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी<br>ख. स्वास्थ्य, सरसफाई र वातावरण सम्बन्धी कार्यहरू<br>ग. ट्राफिक सम्बन्धी कार्यहरू<br>घ. सार्वजनिक महत्वका स्थानहरूको मर्मत/संभार | • जिल्ला युवा समितिको कार्यालय | | • कार्यक्रम सङ्ख्या<br>• लाभान्वित सङ्ख्या<br>• प्रतिवेदन<br>• स्वयम सेवामा संलग्न युवाको सङ्ख्या |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| सम्बन्धी कार्यहरू<br>ङ. स्वास्थ्य शिविर सञ्चालन<br>च. अपाङ्ग तथा बृद्धहरूलाई सहयोग<br>छ. प्राकृतिक प्रकोप उद्धार सम्बन्धी कार्य<br>ज. भूकम्प प्रभावित जिल्लाहरूमा युवा स्वयंसेवा परिचालन<br>झ. अन्य स्वयमसेवी कार्यहरू<br>ञ. जिल्लाले आवश्यक ठहराएका अन्य कार्यहरू<br>ट. उल्लेखित कार्यसम्बन्धी जनचेतनामूलक कार्यहरू । | | | |

## १३. अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण

**उद्देश्यहरू :**

१. अपाङ्ग युवाको दैनिक जीवनलाई सहज बनाउनु ।

२. राष्ट्रिय युवा परिषद् र अपाङ्ग युवाबीचको सम्बन्ध सुदृढ गर्नु ।

३. अपाङ्ग युवाको जीवनयापनमा सुधार गर्नु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.८३ अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण - २५० जना** | | | |
| १. अपाङ्गको क्षेत्रमा काम गर्ने केन्द्रीय निकायहरूसँग छलफलको आयोजना गर्ने ।<br>२. यस क्षेत्रमा अनुभव भएका सङ्घ, संस्थासँग समझदारी (MOU) गर्ने र रकम निकाशा दिने ।<br>३. निकाशा भएको रकमबाट जिल्ला युवा समितिले सिफारिश गरेका व्यक्तिलाई जिल्ला युवा समिति मार्फत् सहयोग सामग्री विवरण गर्न MOU भएको संस्थालाई पत्राचार गर्ने ।<br>४. सामग्री वितरण कार्यको अनुगमन गर्ने ।<br>५. जिल्ला युवा समितिले अपाङ्गको छनौट गर्दा तपसिलको समितिबाट निर्णय गरी अपाङ्गको पूर्ण कदको फोटो, तिनपुस्ते विवरण अपाङ्गताको किसिम, आर्थिक अवस्था, राज्यबाट पहिला प्राप्त गरेको सुविधा र छनौटको औचित्य समेतको विवरण परिषदमा पठाउने । | • सङ्घ संस्था समन्वय शाखा<br>• जिल्ला युवा समिति | दोस्रो चौमासिक | • खरीद गरी वितरण गरिएको सामग्री सङ्ख्या<br>• सामग्री प्राप्त गर्नेको सङ्ख्या<br>• प्राप्त भर्पाइ |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| ६. सहयोग सामग्री प्राप्त गर्ने अपाङ्ग छनौट समिति<br>क. जिल्ला युवा समितिका अध्यक्ष - संयोजक<br>ख. जिल्ला स्वास्थ्य कार्यालयका प्रतिनिधि - सदस्य<br>ग. जिल्ला अपाङ्ग सङ्घका अध्यक्ष वा प्रतिनिधि - सदस्य<br>घ. महिला, बालबालिका कार्यालयका प्रतिनिधि - सदस्य<br>ङ. जिल्ला युवा कार्यालयका कार्यालय प्रमुख - सदस्य सचिव<br>७. सम्बन्धित संस्थाबाट सामग्री वितरण भर्पाइ र प्रतिवेदन सङ्कलन गर्ने । | | | |

## १४. जिल्लास्तरका युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरूको कार्यलाई प्रोत्साहन

**उद्देश्यहरू :**

१. युवा प्रतिभाको खोजी गरी प्रोत्साहन गर्नु ।

२. युवा उद्यमीको खोजी गरी प्रोत्साहन गर्नु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.८४ जिल्लास्तरका युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरूको कार्यलाई प्रोत्साहन - ७५ जना** | | | |
| १. परिमार्जित कार्यविधि अनुसार मूल्याङ्कन समिति गठन गर्ने ।<br>२. रेडियो, टेलिभिजन तथा पत्रपत्रिका प्रकाशित युवा प्रतिभा तथा उद्यमीहरूका कार्यहरूको विवरण सङ्कलन गर्ने ।<br>३. युवा प्रतिभा तथा उद्यमीहरूबाट निवेदन आह्वान गर्ने साथै प्रतिस्पर्धा समेत गराउन सकिने ।<br>४. मूल्याङ्कन तथा नगद प्रोत्साहन र प्रमाणपत्र प्रदान गर्ने ।<br>५. प्रतिवेदन तयार पारी परिषदमा र सम्प्रेषण गर्ने । | • युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा | तेस्रो चौमासिक | • कार्यविधि<br>• युवा प्रतिभा तथा उद्यमीहरूको निवेदन<br>• पुरस्कृत युवा प्रतिभा तथा उद्यमीहरूको नामावली |

## १५. भविष्यमा गरिने युवासम्बन्धी कार्यक्रमका बारेमा विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया

**उद्देश्यहरू :**

१. सञ्चालनमा रहेका कार्यक्रमहरूका बारेमा पृष्ठपोषण लिने ।

२. युवाका लागि भविष्यमा सञ्चालन गर्ने कार्यक्रमहरू पहिचान गर्ने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.८६ भविष्यमा गरिने युवा सम्बन्धी कार्यक्रमका बारेमा विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया - १ केन्द्र** | | | |
| १. योजना निर्माण गरी छलफल तथा अन्तर्क्रिया गरिने विषयवस्तुहरू चयन गर्ने ।<br>२. यो कार्यक्रम क्षेत्रीयस्तरमा चार स्थानमा र केन्द्रीयस्तरमा एकपटक सञ्चालन गर्ने ।<br>३. सहभागी हुने सरोकारवाला र विज्ञसूची तयार पारी पत्राचार गर्ने ।<br>४. परिषद्को आयोजनामा विज्ञ तथा सरोकारवालाहरूसँग विषयगतरूपमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।<br>५. प्रतिवेदन तयारी र सम्प्रेषण गर्ने । | • योजना तथा वैदेशिक समन्वय शाखा | दोस्रो चौमासिक | • छनौट भएका विज्ञको सूची<br>• योजना सञ्चालन भएको अन्तर्क्रिया कार्यक्रमको सङ्ख्या र प्रतिवेदन |

## १६. युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोषको स्थापना

**उद्देश्यहरू :**

१. वैदेशिक रोजगारीमा गएका युवाको आयको निश्चित अंश नियमित रूपमा जम्मा गरी युवाको लगानीमा युवाकै लागि एक सामाजिक सुरक्षा कोषको स्थापना गर्ने ।

२. विप्रेषणबाट युवाको स्वरोजगार, उद्यमशीलता तथा अन्य युवा लगानीका राष्ट्रिय महत्वका आयोजना सञ्चालनको लागि योगदान गर्ने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.८८ युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष - १ केन्द्र** | | | |
| युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोषको स्थापना परिषदबाट छुट्टै निर्देशिका स्वीकृत भएपछि सोही बमोजिम हुने । | • सङ्घ संस्था समन्वय शाखा | तेस्रो चौमासिक | • स्वीकृत निर्देशिका<br>• स्थापित कोष र कोषमा सङ्कलित रकम |

## १७. युवा प्रतिभा पहिचान (Youth Talent Hunt)

**उद्देश्यहरू :**

१. युवामा रहेको प्रतिभा पहिचान गर्ने ।

२. युवा प्रतिभालाई प्रोत्साह र अभिवृद्धि गर्ने ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१५.४०.८६ युवा प्रतिभा पहिचान (Youth Talent Hunt) - ७६ केन्द्र, जिल्ला** | | | |
| १. यस कार्यक्रमका लागि युवा परिषद्ले निर्माण गरेको कार्यविधि निर्देशिका अनुसार समिति गठन गर्ने ।<br>२. जिल्लास्तरका लागि उपयुक्त विधाको छनौट तथा सूची तयारी गर्ने ।<br>६. वि.सं. २०७४ साल वैशाख महिनाको पहिलो हप्ताभित्र जिल्लामा युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने वैशाख मसान्तभित्र परिषदमा प्राप्त हुनेगरी प्रतिवेदन पठाउने ।<br>७. परिषद्को आयोजनामा वि.सं. २०७४ साल जेठ महिनाको अन्तिम हप्ताभित्र केन्द्रमा युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने ।<br>३. प्रतिवेदन तयारी र परिषदमा सम्प्रेषण गर्ने । | • योजना तथा वैदेशिक समन्वय शाखा | पहिलो, दोस्रो र तेस्रो चौमासिक | • कार्यविधि<br>• छनौट भएको प्रतिभाको नामावली, प्रतियोगिता सञ्चालन भएको सङ्ख्या<br>• सहजीकरण र अनुगमनको प्रतिवेदन |

## १८. कार्यक्रम अनुगमन तथा निरीक्षण (अनुगमन, मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च)

**उद्देश्यहरू :**

१. कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्नका लागि स्थलगतरूपमा सहयोग गर्न ।

२. कार्यक्रमको प्रक्रिया र प्रगतिकाबारेमा जानकारी लिन ।

३. आवश्यक पृष्ठपोषण लिई आवश्यक सुधार गर्न ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१९.१.४ कार्यक्रम अनुगमन तथा निरीक्षण (अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) - ५० पटक** | | | |

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| १. अनुगमन तथा निरीक्षण योजना निर्माण गर्ने ।<br>२. योजनाबमोजिम तोकिएको फाराम र ढाँचाका आधारमा अनुगमन-निरीक्षण कार्य गर्ने ।<br>३. प्रतिवेदन तयार पार्ने र सम्प्रेषण गर्ने । | • प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा | पहिलो, दोस्रो र तेस्रो चौमासिक | • कार्यविधि र योजना<br>• समुहगत र व्यक्तिगत प्रतिवेदन<br>• समष्टिगत प्रतिवेदन |

## १९. युवासँग सम्बन्धित वैदेशिक गोष्ठी सम्मेलनमा सहभागिता (वैदेशिक भ्रमण)

**उद्देश्यहरू :**

१. युवा तथा कर्मचारीहरूलाई युवासँग सम्बन्धित गोष्ठीहरूमा सहभागी गराई अनुभव र दक्षतामा अभिवृद्धि गर्नु ।

२. अन्तर्राष्ट्रियस्तरमा युवाका भूमिका पहिचान गरी आफ्नो देशअनुकूल कार्यान्वयनमा तयारी गर्नु ।

३. नेपालका युवाको अवस्था, पहल, कार्यहरू र भूमिकाको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्नु ।

| स्वीकृत क्रियाकलाप नं, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **२.१९.३.४ युवासँग सम्बन्धित वैदेशिक गोष्ठी सम्मेलनमा सहभागिता (वैदेशिक भ्रमण) - ७ पटक** | | | |
| १. मित्रराष्ट्रका युवाक्षेत्रका परिषद् तथा सङ्गठनहरूसँग सम्बन्ध विकास गर्ने ।<br>२. वैदेशिक गोष्ठी सम्मेलनमा सहभागिता योजना निर्माण गर्ने छनौट र पत्राचार गर्ने ।<br>३. तोकिएको भूमिका तथा जिम्मेवारीका साथ वैदेशिक गोष्ठीमा सहभागिता जनाउने र समुहगत तथा व्यक्तिगत प्रतिवेदन तयारी र युवा परिषदमा पेश गर्ने ।<br>४. समिष्टगत प्रतिवेदन तयार पार्ने । | • योजना तथा वैदेशिक समन्वय शाखा | पहिलो, दोस्रो र तेस्रो चौमासिक | • कार्यविधि<br>• सहभागिता सङ्ख्या र व्यक्तिगत प्रतिवेदन<br>• समिष्टगत प्रतिवेदन |